**फालेलुङ गाउँपालिकामा कृषि तथा पशु प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गर्ने कार्यविधि, २०७८**

**प्रस्तावना**

फालेलुङ गाउँपालिकामा प्राविधिक शिक्षालाई सर्वसुलभ तथा पहुँचयोग्य बनाउँदै कृषि तथा पशु सेवा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न बाञ्छनीय भएकोले फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि जारी गरेको छ ।

**परिच्छेद -१**

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम 'फालेलुङ गाउँपालिकामा कृषि तथा पशु प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गर्ने कार्यविधि, २०७८' रहेको छ ।

(ख) यो कार्यविधि फालेलुङ गाउँ कार्यपालिकाले पारित गरी अध्यक्षबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा**

(क) **'आयोग'** भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ ।

(ख) **'कार्यपालिका'** भन्नाले फालेलुङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **'अध्यक्ष'** भन्नाले फालेलुङ गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) **'उपाध्यक्ष'** भन्नाले फालेलुङ गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले फालेलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) **'शिक्षा, युवा तथा खेलकुद शाखा'** भन्नाले फालेलुङ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(छ) **'विद्यालय'** भन्नाले नेपाल सरकारबाट स्वीकृत सामुदायिक विद्यालय सम्झनुपर्छ । र सो शब्दले फालेलुङ गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री सरस्वती मा.वि मच्छेबुङ समेतलाई बुझाउँछ ।

(ज) **'वि.व्य.स'** भन्नाले सामुदायिक विद्यालयको रेखदेख ,व्यवस्थापन गर्न गठित समिति सम्झनुपर्छ । र सो शब्दले फालेलुङ गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री सरस्वती मा.वि मच्छेबुङको वि.व्य.स. समेतलाई बुझाउँछ ।

(ज) **'शि.अ.सं'** भन्नाले सामुदायिक विद्यालयको समुदायसँग सम्बन्ध स्थापना गर्न तथा विद्यालयको हकमा कार्य गर्न गठित समिति सम्झनुपर्छ । र सो शब्दले फालेलुङ गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री सरस्वती मा.वि मच्छेबुङको शिक्षक अभिभावक संघ समेतलाई बुझाउँछ ।

(झ) **'उपभोक्ता समिति'** भन्नाले सरोकारवालाहरु मध्येबाट कुनै काम सम्पन्न गर्न गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद - २

**३. कृषि तथा पशु प्राविधिक शिक्षालयको स्थापना :** (१) गाउँपालिकामा गाउँ कार्यपालिकाको निर्णयले तोकेको स्थान तथा विद्यालयमा रहने गरी कृषि तथा पशु प्राविधिक विद्यालय स्थापना गर्नु पर्नेछ ।

(२) राष्ट्रिय योजना आयोगबाट चरणबद्ध रुपमा प्राप्त हुने अनुदानलाई आवश्यकता अनुसार प्रशासनिक भवन, कक्षाकोठा निर्माण, प्रयोगशाला भवन निर्माण, प्रयोगशाला सामाग्री खरिद, प्रयोगशाला व्यवस्थापन, खानेपानी व्यवस्थापन, वास तथा चेन्जिङ सहितको शौचालय व्यवस्थापन, कक्षाकोठामा फलामे फर्निचर व्यवस्थापन, सोलार तथा इन्भर्टर जडान, वायरिङ, भवनमा रंगरोगन, जग्गा व्यवस्थापन (जग्गा सम्याउने), पुस्तकालय व्यवस्थापन, शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक भुक्तानी जस्ता विभिन्न शीर्षकमा आवश्यकता अनुसार बाँडफाँड गरी खर्च गर्नु पर्नेछ ।

(३) शिक्षालयको लागि आवश्यक पर्ने सबै प्रकारका जग्गा तथा जमिनको प्रबन्ध सम्बन्धित विद्यालयले नै गर्नु पर्नेछ ।

(४) आयोगबाट थप विशेष अनुदान प्राप्त नभएसम्मका लागि सम्बन्धित विद्यालयको भवनबाट नै कृषि तथा पशु प्राविधिक शिक्षालयको दैनिक प्रशासन सञ्चालन गर्नु पर्नेछ ।

(५) कृषि तथा पशु प्राविधिक शिक्षालयको लागि आधारभूत पूर्वाधार तयार भइसकेपछि सम्बन्धित विद्यालयले प्राविधिक शिक्षा तथा व्यवसायियक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन लिने प्रक्रिया अगाडि बढाउनु पर्नेछ । यस कार्यमा शिक्षा, युवा तथा खेलकूद शाखाले आवश्यक समन्वय गर्नु पर्नेछ ।

(६) प्रारम्भिक चरणमा कृषि प्राविधिक शिक्षाको लागि सम्बन्धन माग गर्नु पर्नेछ ।

(७) आवश्यक थप पूर्वाधार तयार भइसकेपछि पशु प्राविधिक शिक्षाको लागि सम्बन्धन माग गर्नु पर्नेछ ।

(८) आयोगबाट अनुदान प्राप्त हुन छोडेपछि कृषि तथा पशु प्राविधिक शिक्षालयको आर्थिक दायित्व गाउँपालिकाले लिनु पर्नेछ ।

(९) तर सो शिक्षालय आर्थिक रुपमा आत्मनिर्भर भएपश्चात भने गाउँपालिकाले आर्थिक दायित्व लिन आवश्यक हुने छैन ।

## परिच्छेद - ३

**४. कार्यविधि संशोधन :** यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाको बैठकको निर्णयले संशोधन गर्दै कार्यान्वयनमा लगिने छ ।